**निर्णय:-**

१. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापति पदमा मा. रामनारायण विडारीलाई निर्वाचित गरियोस् भनि मा. सुमनराज प्याकुरेल प्रस्तावक र मा. नैनकला ओझा समर्थक रहनुभएको एक मात्र प्रस्ताव दर्ता हुन आएकोले समितिको बैठकको सभापतित्व गरिरहनु भएका समितिका ज्येष्ठ सदस्य मा. राधेश्याम अधिकारीले राष्ट्रिय सभा नियमावली, २०५० को नियम १५० को उपनियम (४) बमोजिम समितिका सदस्य मा. रामनारायण विडारी प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापति पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

२. समितिको बैठकको सभापतित्व गरिरहनुभएका समितिका ज्येष्ठ सदस्य मा. राधेश्याम अधिकारीले समितिका सदस्य मा. रामनारायण विडारी प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापति पदमा निर्वाचित हुनुभएकोमा बधाई दिनुहुँदै उहाँको कार्यकाल सफलता रहोस् भनि शुभकामना व्यक्त गर्नुभयो ।

३. समितिको आजको बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति